मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १९ गते बिहीबार ❑ 3 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## गण्डकी प्रदेश प्रमुख भट्टसहित सातै प्रदेश प्रमुखको राष्ट्रपतिसँग शिष्टाचार भेट

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

गण्डकी प्रदेश प्रमुखसहित सातै प्रदेशका प्रदेश प्रमुखहरूले राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेट गरेका छन् ।

बुधबार बिहान राष्ट्रपति भवन शीतल निवासमा भएको भेटमा प्रदेश प्रमुखहरूले आ-आफ्नो प्रदेशको समग्र अवस्था बारे राष्ट्रपति पौडेललाई जानकारी गराएका थिए । भेटमा गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टका साथै कोशी प्रदेश प्रमुख परशुराम खापुङ, मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी, वागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा, लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगर, कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशी र सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँ सहभागी थिए । शिष्टाचार भेटका क्रममा प्रदेश प्रमुखहरूले आफ्नो कार्यक्षेत्रका सामाजिक, राजनीतिक तथा आर्थिक अवस्थाबारे राष्ट्रपति समक्ष प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रदेश प्रमुखहरूले आफूले



भोग्नुपरेका कठिनाइ, कानुन तथा नियममा रहेका अन्यौलहरूको बारेमा जानकारी गराउँदै यसको समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराइदिन राष्ट्रपति समक्ष आग्रह गरेका थिए । उक्त अवसरमा राष्ट्रपति पौडेलले प्रदेशहरू बीच समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउन सुझाव दिएका थिए ।

पौडेलले पछिल्ला आन्दोलनहरूको उपलब्धिलाई संस्थागत गर्ने महत्वपूर्ण आधार प्रदेश भएको उल्लेख गर्दै प्रदेशको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता भएको बताए । पौडेलले भने, 'प्रदेशहरू सुदृढ भए यो व्यवस्था नै सुदृढ हुन्छ, संविधानको सम्पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने संघीय, प्रादेशिक र स्थानीय तहका कानुनको तर्जुमा र त्यसको निष्कपट कार्यान्वयनबाटै यो संविधानको औचित्य र सार्थकता प्रमाणित हुन्छ भन्ने मेरो विश्वास छ ।' प्रदेश प्रमुख प्रदेशको प्रमुखमात्र होइन केन्द्रको प्रतिनिधि पनि भएकाले संघ र प्रदेशबीचको समन्वयकर्ता पनि हो र समग्रमा प्रदेश प्रमुखहरू संघीयताको सेतु भएको उनले बताए । 'त्यसो भएको हुनाले राष्ट्रपति र प्रदेश प्रमुखहरूबीच निरन्तर सम्पर्क, सम्वाद र समन्वय हुन जरूरी छ,' उनले भने, 'प्रदेशको संरचनाले मात्र यसको राजनीतिक महत्व स्थापित हुँदैन, यसको चरित्रलाई जनमुखी, समावेशी र सुशासित बनाउन जरूरी छ, चरित्रको बदलाव मुख्य कुरा हो, राजनीतिक उपलब्धिलाई नागरिकको जीवनसँग जोडौ, प्रदेश-प्रदेशबीच स्वस्थ प्रतिस्पर्धा गरौं, साथसाथै अन्तर प्रदेश सहकार्य र समन्वयमा जोड दिऔं, एक आपसको सहकार्यले सबैलाई लाभ पुग्ने छ भन्ने मलाई लाग्छ ।' प्रदेशको आन्तरिक स्रोतको सक्दो प्रयोग गरेर प्रादेशिक विकासका नयाँ-नयाँ सपनाहरू बनाउन, प्रत्येक प्रदेशले आफ्नो मौलिकता निर्माण गरेर अगाडि बढ्न सम्बन्धित सरकारलाई सुझाव दिनुपर्ने आवश्यकता उनले औंल्याए । मुख्य कुरा नागरिकको सम्मान, स्वाभिमान र समृद्धि भएकाले यसमा प्रदेश प्रमुखहरूले सम्पूर्ण प्रदेशलाई केन्द्रित गर्न झक्झकाउने काम गर्नुपर्ने उनको भनाइ छ ।

## कास्कीका सुनचाँदी पसलहरु ६ दिनदेखि बन्द

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

कास्कीका सुनचाँदी पसलहरु ६ दिन देखि बन्द भएका छन् । सुनचाँदी व्यवसायीहरूले सुनचाँदीका गहनामा लगाइएको २ प्रतिशत विलासिता कर खारेज गर्न माग गर्दै आन्दोलन स्वरुप शुक्रबार देखि कास्कीमा पनि पसलहरु बन्द गरेका भएका हुन् ।

सुनचाँदीमा सरकारले लगाएको करका विरुद्ध ध्यानाकर्षण गराउदा पनि माग पूरा नभएकोले नेपाल सुनचाँदी व्यवसायी महासंघको अगुवाईमा व्यवसायीहरु आन्दोलनमा उर्त्रिनु भएको हो । केन्द्रको निर्देशन अनुसार आफुहरुले कास्की क्षेत्रमा गत शुक्रबार देखि सुन चाँदीका पसलहरु बन्द गराइएको नेपाल सुनचाँदी व्यवसायी महासंघ कास्कीका अध्यक्ष भविन्द्र विश्वकर्माले बताउनु भयो । राज्यको नीतिका कारण आफुहरु र उपभोक्ताहरु चर्को मारमा पर्ने भएको उहाँले बताउनुभयो । भारतमा एक तोला सुन खरिद गर्दा न्यूनतम १५ प्रतिशतले सबै कारोवार गर्न सकिने त्यही सुन नेपालमा कारोवार गर्दा करिब ३० प्रतिशत कर लाग्ने अबस्था सृजना भएको अध्यक्ष विश्वकर्माले गुनासो गर्नुभयो । पोखरा क्षेत्रका अधिकांश सुनचाँदीका पसलहरु अनिश्चितकालको लागि बन्द गरिएको महासंघ कास्कीले जनाएको छ । कास्कीमा महासंघ र नेपाल रत्न आभूषण संघ लगायतको सक्रियतामा आन्दोलन भएको हो । पोखरा क्षेत्रमा करिब ५ सय सुनचाँदी व्यवसायीहरु रहेको बताइन्छ । कास्की क्षेत्रमा साप्ताहिक रुपमा महासंघको समन्वयमा ३ केजी सुनको उपलब्ध हुदै आएको छ । पोखराको मुख्य चोक तथा बजार महेन्द्रपुल, चिप्लेढुंङगा, न्यूरोड, नयाँबजार, पृथ्बीचोक, मोहोरियाटोल, सिद्धार्थचोक, पार्दी, छोरेपाटन, बगर लगायतको क्षेत्रमा खोलिएका सुन चाँदी पसलहरु हाल बन्द हुदाँ केही सुन्ने जस्तो भएको छ । उक्त क्षेत्रमा वाक्लो रुपमा सुनचाँदीका पसलहरु रहेका छन् । सुनचाँदी व्यवसायी महासंघको आयोजनामा देशैभरका सुन तथा चाँदीका पसलहरु बन्द रहेको महासंघले जनाएको छ ।

## तरुण दलको महाधिवेशन मङ्सिर २६ देखि २८ गतेसम्म हुने

रासस
काठमाडौं, १८ असार

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरूण दलको महाधिवेशन आगामी मङ्सिर २६-२८ गते हुने भएको छ ।

निर्देशन समितिको प्रस्तावअनुरूप उक्त मितिमा अनिवार्य सम्पन्न गर्नेगरी त्यही मितिसम्मका लागि तरुण दलको केन्द्रीय समितिको पदावधि थप गर्ने बुधबार निर्णय गरिएको कांग्रेसले जनाएको छ ।

साथै तयारी र व्यवस्थापन सहजीकरणका लागि तरूण दलको मौजुदा कार्यसमिति भित्रैबाट सानो व्यवस्थापन समिति बनाइने कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । महाधिवेशन सम्पन्न गर्न निर्देशन समितिलाई पार्टीकोतर्फबाट सम्पूर्ण जिम्मेवारी प्रदान गरिएको छ ।

त्यसैगरी, तोकिएको समयमै महाधिवेशन गर्नुपर्ने माग गर्दै पार्टी केन्द्रीय कार्यालय सानेपामा सुरू गरिएको ८० घण्टे आमरण अनशन उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगनकुमार थापाबाट तोडिएको छ । कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक यही असार १६ देखि जारी छ । सभापति शेरबहादुर देउवाको सभापतित्वमा भएको बैठकमा बुधबार केन्द्रीय सदस्यहरू श्यामकुमार घिमिरे, मोहनबहादुर बस्नेत, शिवप्रसाद हुमागाईं, कर्णबहादुर बुढा, गोविन्दबहादुर शाह, राजेन्द्रकुमार केसी, ई मोहन आचार्य, रङ्गमती शाही, कान्तिका सेजुवाल, विद्यादेवी तिमिल्सिना, आमन्त्रित प्रदेश सभापतिहरू उद्धव थापा (कोशी), कृष्णप्रसाद यादव (मधेस), इन्द्रबहादुर बानियाँ (बागमती), अमरसिंह पुन (लुम्बिनी), ललितजङ्ग शाही (कर्णाली) र वीरबहादुर बलायर (सुदूरपश्चिम) ले आआफ्नो धारणा राख्नुभएको थियो ।

## एकीकृत समाजवादीद्वारा नेत्री झाँक्रीलाई स्पष्टीकरण

रासस
काठमाडौं, १८ असार


नेकपा (एकीकृत समाजवादी)ले पार्टी पोलिटब्युरो सदस्य रामकुमारी झाँक्रीलाई स्पष्टीकरण सोधेको छ ।

पार्टी अनुशासन आयोगले पार्टी हितविपरीत अभिव्यक्ति दिएको भन्दै स्पष्टीकरण मागेको हो । युवा सङ्गठनको रूपन्देहीमा भएको कार्यक्रममा पार्टीका अध्यक्ष माधवकुमार नेपाललाई लक्षित गर्दै अभिव्यक्ति दिएको तथा पार्टी सङ्गठनको 'अर्ली' अधिवेशनबाट नेतृत्व तथा कार्यसमिति चयनको माग गरेका विषयमा स्पष्टीकरण सोधेको केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्याललले जानकारी दिनुभयो ।

उक्त स्पष्टीकरण चित्तबुझ्दो नभए आवश्यक कारबाहीसमेत गर्ने जनाइएको छ । पार्टीले अध्यक्ष नेपालको अदालतमा विचाराधीन मुद्दाबारे सार्वजनिक रूपमा नबोल्न निर्देशन दिएको छ ।

अध्यक्ष नेपालमाथि विशेष अदालतमा दायर मुद्दाबारे पार्टीले गत जेठ २२ गते धारणा सार्वजनिक गरेकाले त्यस धारणासँग बाँझिने गरी पार्टी पङ्क्तिलाई कुनै अभिव्यक्ति नदिन, नलेख्न निर्देशन दिएको थियो ।

विद्यमान परिस्थितिलाई कसरी सामना गर्ने भन्नेबारे आवश्यक निर्णय संस्थागत रूपमा लिने बताउँदै पार्टीले सार्वजनिक रूपले नबोल्न पार्टीका सबै तहका नेतालाई आग्रह गरेको थियो ।

SRIJANA Announces

Science & Management
(HM, Tourism, Computer Science)
ADMISSION OPEN
For Grade XI
Entrance Test
» 24th Ashar, 2082 at 2:15 PM
Subjects for Written Test
» Science, Maths & English (For Science)
» Maths, English & Social Std. (For Management)
Srijana Secondary School
Shanti Marga, Srijana Chowk, Pokhara
Tel.: 061-578053, 553595, 582648
Web: www.srijana.edu.np
E-mail : srijana.school2050@gmail.com

लिटिल स्टेप माध्यमिक विद्यालय
Little Step Secondary School
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
विगत चार दशकदेखि गण्डकी प्रदेश कै उत्कृष्ट विद्यालयहरूमा पर्न सफल यस लिटिल स्टेप मावि मा कक्षा ११ Science तथा Management (Hotel Management | Computer Science) मा भर्ना खुल्या ।

भर्ना फाराम वितरण भइरहेको छ ।
प्रवेश परीक्षा: २०८२ असार २४ गते
समय: ११:३० बजे ।
सिमलचौर, पोखरा - ८
०६१-५७५०१३, ५५२७९६
यही परिसरमा अवस्थित:
Pokhara Lincoln International College
अन्तर्गत MBA, BBA, BHM र BCS.IT मा भर्नाका लागि सम्पर्क
०६१-५८११६४

# वडा नं. १३ भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थी सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखरा महानगरपालिका वडा नं. १३ भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयबाट एस.इ.इ. परीक्षा-२०८१ मा उत्कृष्ट परिणाम हासिल गर्न सफल हुनु भएका विद्यार्थीका सम्मानमा बुधबार पोखरा महानगरपालिका वडा नं. १३ ले सम्मान तथा बधाई कार्यक्रम आयोजना गऱ्यो ।



उक्त कार्यक्रममा वडा अध्यक्ष किरण बरालले सम्मानित विद्यार्थीलाई बधाई तथा सफलताको कामना गर्नु भयो । अनुशासित र मिहनेत गरेर अगाडि वढ्न अनुरोध गर्दै अभिभावकलाई अबका दिनमा उनीहरूका भावनालाई सम्बोधन गरेर अगाडि वढ्नु पर्ने सुझाव दिनुभयो । उहाँले यो सफलताका पछाडि विद्यालय प्रशासन, शिक्षक, अभिभावक र विद्यार्थीहरूका संयुक्त प्रयास भएको हुँदा सबै बधाईका पात्र बन्नु भएको छ । भविष्यमा पनि यसरी नै अगाडि बढेर परिणाम ल्याउन अनुरोध गर्नुभयो । वडा शैक्षिक समन्वय संयोजक राजेन्द्र भण्डारीले वर्तमान समय अवसर र चुनौती सङ्घर्षको दोसाँधमा रहेको छ ।

विद्यार्थीले यही दोसाँधबाट सफल भविष्यको मार्गचित्र कोर्नका लागि अवसरलाई चिन्नु पर्ने र चुनौतीलाई चिर्नुपर्ने विचार राख्दै आगामी दिनमा अझै दृढ सङ्कल्पित, धैर्यवान र आत्मविश्वासी बन्दै अगाडि वढ्नु पर्ने कुरामा जोड दिनु भयो । तपाईँहरू वर्तमानका लागि प्रेरणा भएको, भविष्यका नबीन दृष्टिकोणका रुपमा समयले मुल्याङ्कन गरेको र गाउँ पाखाका आँखाले एउटा दक्ष र असल नागरिकको रुपमा हेर्न चाहेको बताउनु भयो ।

वडा अध्यक्ष किरण बराल, भद्रकाली माध्यमिक विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष तथा समाजसेवी लोकबहादुर कार्की, जनप्रतिनिधि बलबहादुर बराल, रजनी परियार, सुचिता तमाङ, शरीफ मियाँ, शिक्षा समितिका सदस्यहरुले संयुक्त रुपमा भद्रकाली माध्यमिक विद्यालयबाट सर्वोत्कृष्ट चार जि.पी.ए साथ उत्तीर्ण हुन सफल हुनु भएका प्रेरणा परियार, सृष्टि अधिकारी, प्रिया रानामगर, सिजन ढेवाजू, अक्सफोर्ड बोर्डिङ स्कुलका, गौरव आचार्य (३.९१), ताराकुञ्ज बोर्डिङका, सुशील सुबेदी (३.८२) बेसलाइन एकेडेमीका, सौरभी राजभाट (३.९२), चिल्ड्रेन्स एकेडेमीका, स्पन्दन घिमिरे (३.८०) बालकल्याण बोर्डिङ स्कुलका, बृष्टि सुनार (३.७९) इडेन्स एकेडेमीका, संजीव कुटुवाल (३.८६) गण्डकी आदर्श बोर्डिङका, आस्था आचार्य (३.८३) आर्वा विजय मा.विका, सुरक्षा पोडेल (३.४४) रतनपाण्डे मा.विका, जेनीसा न्यौपाने (३.१४) सर्वोत्कृष्ट जी.पी.ए का साथ उर्त्तीण हुन सफल हुनु भएका विद्यार्थीलाई संयुक्तरुपमा सम्मान गर्नुको साथै बधाई व्यक्त गर्नु भयो । कार्यक्रममा १० ओटा माध्यमिक विद्यालयका प्रधानाध्यापक/प्राचार्य अभिभावकका उपस्थिति रहेको कार्यक्रम वडा शैक्षिक संयोजक राजेन्द्र भण्डारीले सञ्चालन गर्नु भएको थियो ।

# चापापानी टोल विकास संस्थाको अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखरा महानगरपालिका १२ चापापानी टोल विकास संस्थाको छैठौं साधारणसभा तथा तेस्रो अधिवेशनले दान वहादुर बस्नेतको अध्यक्षतामा नया कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

संस्थाको उपाध्यक्षमा पुजा कार्की महासचिवमा भोजराज सुवेदी सचिवमा रसोधा बराल कोषाध्यक्षमा बुद्ध कार्की रहेका छन् भने सदस्यहरुमा कमला कार्की, राजु गुरुङ, सुरेन्द्र गुरूङ र रिविका थापामगर रहेका छन् ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथी पोखरा महानगरपालिका १२ का वडा अध्यक्ष सन्तोष वास्तोलाले टोलको विकासमा टोलका सदस्यहरुनै जागरुक भएर योजनावद्ध रुपमा अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउँदै वास्तोलाले टोल सुधार समितिले महिला, बालबालिका, युवा, जेष्ठ नागरिकहरुको हितमा काम गर्न सकेमात्र टोलको विकास हुने जनाउँदै टोलको विकासका योजनामा वडाले निरन्तर सहयोग र सहजीकरण गर्ने बताए । कार्यक्रममा वरिष्ठ समाजसेवी तथा टोल विकास संस्थाका पुर्व अध्यक्ष टीका वहादुर कार्कीले टोलबासी एक जुट भए मात्र विकास सम्भव हुने बताउदै आफ्नो टोलको विकासका लागि सबैले सक्दो सहयोग गर्नुपर्ने बताए ।

# पोखरामा असार २४ देखि क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

पोखराको नदीपुरमा यही असार २४ देखि २८ गतेसम्म हुने क्लबस्तरीय पुरुष भलिबल तथा भेट्रान्स भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ ।

लामा अमृत फाउण्डेशन घान्द्रुकको आयोजनामा पोखराको नदीपुरमा सञ्चालन हुने तेस्रो संस्करणको क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको आज पत्रकार सम्मेलन गर्दै जानकारी दिएको हो । लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक लामा अमृत गुरुङले तेस्रो संस्करणको पुरुष भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको बताए । 'स्वास्थ्यको लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने मुख्य नारासहित असार २४ देखि २८ गतेसम्म प्रतियोगिता सञ्चालन गर्दै छौं, संस्थापक गुरुङले भने, 'सामाजिक तथा खेलकुद क्षेत्रमा क्रियाशिल रहँदै आएको फाउण्डेशनले आयोजना गरेको प्रतियोगिता पोखरा-३ नदीपुर छन्त्याल समाजको भलिबल कोर्टमा हुनेछ । फाउण्डेशनले २०७५ र ०७६ सालमा पहिलो र दोस्रो संस्करणको प्रतियोगिता सञ्चालन गरेको थियो ।




संस्थापक गुरुङका अनुसार तेस्रो संस्करणको पुरुष भलिबल प्रतियोगितामा सहभागी हुन एक टिममा सातौं, आठौं र नवौं राष्ट्रिय खेलकुद तथा राष्ट्रिय पुरुष भलिबल टिमका ३ जना खेलाडी समावेश गर्न पाइने छ । यस्तै भेट्रान्स भलिबलमा ३८ वर्ष उमेर पुरा भएको खेलाडी मात्र समावेश गर्न पाइनेछ ।

उनका अनुसार प्रतियोगिताको विजेताले १ लाख २५ हजार, उपविजेताले ७५ हजार, तेस्रो हुनेले ३० हजार र सान्त्वना स्थान हासिल गर्नेले १५ हजार रुपैयाँसहति मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । यस्तै भेट्रान्सतर्फको विजेताले ५० हजार र उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको विधागतर्फ उत्कृष्ट खेलाडी, स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर,सर्भर, उदियमान खेलाडी र प्रशिक्षकले पुरस्कार प्राप्त गर्नेछन् । क्लबस्तरीय पुरुष भलिबल प्रतियोगितामा ६ टिमलाई मात्र सहभागी गराउने लामा अमृत फाउण्डेशन घान्द्रुकले जनाएको छ । प्रतियोगितामा सहभागिताका लागि एक टिमलाई ५ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ । क्लबस्तरीय पुरुष भलिबल प्रतियोगितामा ५ समूहको मात्र सहभागिता भए राउण्ड रोविनको आधारमा सञ्चालन हुने अर्न्तराष्ट्रिय भलिबल रेफ्री टहलसिंह थापामगरले बताए ।

'क्लबस्तरीय प्रतियोगितामा ६ टिमलाई मात्र समावेश गर्ने आयोजकले निर्णय गरेको छ, अहिलेसम्म ५ टिमले सहभागिता जनाउने जानकारी आएको छ', थापामगरले भने, 'प्रतियोगितामा ६टिमको नै सहभागिता भए लिग चरण र ५ टिमको मात्र सहभागिता भए राउण्ड रोविनको आधारमा सञ्चालन गर्छौं ।' प्रतियोगितामा आयोजना गरिएको भेट्रान्सतर्फका खेल भने नकआउटको आधारमा सञ्चालन गर्ने लामा अमृत फाउण्डेशनले जनाएको छ । प्रतियोगिताको पहिलो दिन दर्शकलाई निशुल्क प्रवेश रहेपनि दोस्रोदिन देखि टिकटको व्यवस्था रहेको आयोजकले जनाएको छ । प्रतियोगितासँगै विविध सांस्कृतिक कार्यक्रमहरु समेत हुने आयोजकले जनाएको छ ।

# गण्डकीमा यसवर्ष घट्दै धानखेती

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

गण्डकीमा यसवर्ष ९४ हजार १८२ हेक्टरमा बर्खे धान रोपाइँ हुने प्रदेश कृषि विकास निर्देशनालयको अनुमान छ । गत वर्ष ९६ हजार ५३ हेक्टरमा धानखेती गरिएकामा यस वर्ष घट्ने भएको हो ।

आव २०७९/०८० मा ९७ हजार ७६९ हेक्टरमा धानखेती गरिएको थियो । निर्देशनालयको तथ्याङ्कअनुसार पछिल्ला केही वर्षयता धानबालीको क्षेत्रफल घट्दै गएको देखिन्छ ।

घरघडेरीले उब्जाउ क्षेत्र नासिनु, जग्गाको खण्डीकरण र तीव्र बस्ती विस्तार हुँदा धानखेती घट्दै गएको निर्देशनालयले जनाएको छ । रोपाइँको क्षेत्रफल घटे पनि धानको उत्पादकत्व भने बढेको पाइएको छ । दुई वर्षअघि प्रतिहेक्टर ३ दशमलव ६ मेट्रिकटन धान उत्पादन भएकामा गत वर्ष बढेर प्रतिहेक्टर ३ दशमलव ७३ मेट्रिकटन धान उत्पादन भएको थियो । अनुकूल हावापानी, रासायनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्नत बीउबिजन आदिले धानको उत्पादकत्व बढ्ने गरेको निर्देशनालयका कृषि अर्थ विज्ञ मनोज पौडेलले बताउनुभयो । मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ । प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको छ । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानबाली बढी लगाइन्छ ।

गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् । पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोट लगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ ।

गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ । यही असार १५ सम्म प्रदेशमा २६ हजार ५६२ हेक्टरमा रोपाइँ भइसकेको छ । जुन २८ दशमलव २० प्रतिशत हो । सबैभन्दा बढी बागलुङमा ४५ प्रतिशत, कास्कीमा ४३, म्याग्दीमा ३४, लमजुङमा ३४, नवलपुरमा २९, पर्वतमा २५, तनहुँमा १८, स्याङ्जामा १८ र गोरखामा १० प्रतिशत रोपाइँ भएको हो । वर्षा कम हुँदा र पानीका मुल नफुटेका कारण अपेक्षित रूपमा रोपाइँ हुन नसकेको निर्देशनालयका कृषि अर्थ विज्ञ मनोज पौडेलले बताउनुभयो । "असार १५ सम्मको अवस्था हेर्दा गत वर्षको तुलनामा कम रोपाइँ भएको देखिन्छ", उहाँले भन्नुभयो, "बाह्रैमास सिँचाइ सुविधा भएका ठाउँमा रोपाइँ भइसकेको छ, आकाशे पानीमा निर्भर हुनुपर्ने ठाउँमा अपेक्षित रूपमा वर्षा नहुँदा रोपाइँ ढिलो भइरहेको छ ।" वर्षाले साथ दिएमा असार अन्त्यसम्ममा अधिकांश क्षेत्रको रोपाइँ सकिने उहाँको भनाइ छ । गण्डकीमा बर्खे र चैते गरी दुई याममा रोपाइँ हुने गरेको छ ।




# चुँदीरम्घामा भानुजयन्ती तीनदिन मनाइने

**पोखरापत्र संवाददाता**
दमौली, १८ असार

आदिकवि भानुभक्त आचार्यको २१२औं जन्मजयन्ती उहाँको जन्मस्थल चुँदीरम्घामा विविध कार्यक्रमका साथ तीन दिनसम्म मनाइने भएको छ ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको मङ्गलबारको बैठकले यस्तो निर्णय गरेको हो ।

समितिका अध्यक्ष रामकुमार श्रेष्ठका अनुसार यही असार २७, २८ र २९ गते कविता प्रतियोगिता, रामायण वाचन, काव्यसन्ध्या, प्रभातफेरीलगायतथ कार्यक्रम आयोजना हुनेछन् । विसं १८७१ असार २९ गते जन्मिनुभएका आचार्यको १९२५ साल असोज ६ गते निधन भएको थियो । नेपाली साहित्यका प्राथमिककालका प्रतिनिधि कविका रूपमा परिचित भानुभक्त वाल्मीकि रामायणका अनुवादकका रूपमा प्रख्यात हुनुहुन्छ ।

भानुभक्तका समकालीन साहित्यकार मोतीराम भट्टले उहाँलाई आदिकवि उपाधि दिनुभएको हो । भानुभक्तले प्रश्नोत्तर, भक्तमाला, वधुशिक्षालगायत कृति लेख्नुभएको थियो । उहाँका ती कृतिका पाण्डुलिपि सङ्ग्रह गरेर मोतीराम भट्टले पुस्तकका रूपमा प्रकाशन गरेपछि उहाँ नेपाली साहित्यिमा स्थापित हुनुभएको मानिन्छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# कागजमै सिमित सार्वजनिक सेवा सुधार

सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त नहुँदा राजनीतिक नेतृत्व र कर्मचारीप्रति नागरिकको हेराइ राम्रो छैन । सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन सरकारले ल्याएका नीति कार्यान्वयनमा जाँदा ज्यादै फितलो छ । नागरिकमा सत्तामा बस्ने नेता देखि कर्मचारीसम्म आलोचनाको तारो बनेका छन । राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वले सेवाग्राहीलाई बुझाउन नसक्दा राम्रा योजना पनि असफल भएका छन।सार्वजनिक सेवा भन्नाले सरकार साथै सरकारबाहेकका क्षेत्रबाट प्रवाह गरिने सेवा बुझ्नु पर्ने हुन्छ।

तर नागरिकमा यो चेतना जागृत नहुँदा गाली सरकारले मात्र पाउने गरेको छ। निजी क्षेत्र, गैरसरकारी संघ संस्था, सहकारी क्षेत्र, उपभोक्ता समिति सबै सार्वजनिक सेवा प्रवाहका माध्यम हुन् । प्रथमतः नागरिकले सरकारबाट प्राप्त गर्ने निःशुल्क सेवा न्यून संख्यामा छन् । भएका पनि गुणस्तरीय छैनन् । जन्म दर्तादेखि मृत्यु दर्ताको सेवा प्राप्त गर्न शुल्क बुझाउनु पर्छ। साथमा प्रक्रियामुखी कार्यशैलीबाट सिर्जना हुने झन्झट त छँदै छन् ! गुणस्तरीय सेवाका सामु शुल्कलाई गौण मान्न सकिन्थ्यो तर यसो हुन सकेको छैन। आंशिक रूपमा शिक्षा र स्वास्थ्य सेवा निःशुल्क छन् । विपरीत व्यवहारमा गुणस्तर तथा लागतको निजी क्षेत्रले अग्रता लिएको छ । भर्खरै सार्वजनिक भएको एसइईको नतिजाले शिक्षा क्षेत्रको कार्यसम्पादनलाई पुष्टि गर्छ।

यातायात कार्यालयमा सवारीसाधन दर्ता तथा नवीकरण गर्न, नयाँ सवारीचालक अनुमतिपत्र बनाउन र नवीकरण गर्न, व्यवसाय दर्ता र व्यवसाय गरेबापत कर बुझाउनलगायत राज्यलाई राजस्व योगदान गर्ने सेवा लिन बेहोर्नुपर्ने प्रक्रियागत झन्झटका साथै सेवाग्राहीहरूले सेवा प्रदायकबाट भोग्ने व्यवहार र बिचौलियाको प्रभावले गर्दा सार्वजनिक प्रशासनका सबै प्रवृत्ति फिक्का देखिएका छन् । केवल हिजोको तुलनामा आइसिटी प्रयोगमा भएको थोरै मात्र सुधारलाई उपलब्धि मान्नुपर्ने अवस्था छ । निजी क्षेत्रले प्रवाह गर्ने सेवा अन्तर्गत सार्वजनिक यातायातको अवस्था, हवाई यातायातको अवस्था, स्थानीय अव्यवस्थित हाटबजार, खाद्य पदार्थको गुणस्तर मापन तथा राजमार्गका होटल त उपभोक्ता लुट्न बसेका लुटेरा जस्ता छन।नेपाली उखान खाए खा नखाए घिच को अवस्था छ। समग्र निजी क्षेत्रको सेवा प्रवाहको वास्तविक अवस्थाको प्रतिनिधित्व यातायात, खाध्यानन, र होटल ले गरेको छ । उपभोक्ता समितिको पछिल्लो कार्यशैलीप्रति हुँदै गरेको बहस र सहकारी पीडितले भरिएको सडकले वास्तविक अवस्था बुझाऊँछ ।

प्रशासन सुधारका हरेक प्रयास तथा यसका नवीनतम अवधारणाले सेवाग्राही सन्तुष्टिलाई नै लक्ष्यको रूपमा लिएका छन् । हाम्रो सन्दर्भ आंशिक कार्यान्वयन र कम सुधारमा अल्झिएको छ । यसले न त सार्वभौम अधिकार सम्पन्न नागरिकको राजनीतिसँग विश्वासमा आधारित सम्बन्ध विस्तार हुन सकेको छ । न त प्रशासनसँग हार्दिकतापूर्ण सम्बन्ध गाँसिन सकेको छ। यसर्थ पछिल्ला प्रवृत्तिको अवलम्बनमार्फत समग्र शासन, विकास र सेवा प्रवाहमा अधिकतम सुधार गर्दै सेवाग्राही समक्ष 'विनिङ द माइण्ड, टचिङ द हर्ट' को गन्तव्य हासिल गर्न सम्बद्ध सरोकारवालाको अर्थपूर्ण सहभागिता जरुरी छ । नत्र सरकारले घोषणा गर्ने सुशासन र प्रशासनिक सुधारका कुरा कागजमै सिमित हुनेछ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# श्रीलङ्कामाथि नेपालको उत्कृष्ट जित

**रासस**
काठमाडौं, १८ असार

राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा) को ह्याट्रिकमा नेपालले एएफसी महिला एसियन कप छनोटमा श्रीलङ्कालाई पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जित निकालेको छ।

उज्वेकिस्तानको राजधानी तास्केन्दको मिली रङ्गशालामा भर्खरै सम्पन्न खेलमा नेपालले श्रीलङ्कामाथि ८-० गोलअन्तरको फराकिलो जित निकाल्दै प्रतियोगितामा लगातार दोस्रो जित निकालेको हो । यस जितसँगै नेपालले दुई खेलमा ६ अङ्क बटुलेको छ । यसअघि भएको पहिलो खेलमा नेपालले लाओसलाई ९-० ले हराएको थियो । नेपालको जितमा साम्बाले ह्याट्रिक पूरा गरिन् भने गीता रानाले दुई तथा निशा थोकर, रेखा पौडेल र पूजा रानाले समान एक/एक गोल गरे । खेलको सातौँ मिनेटमा नेपालले पहिलो अग्रता लियो । अनिता बस्नेतको कर्नरमा गीताले गोल गरिन् । त्यसपछि खेलको खेलको २० औँ मिनेटमा नेपालले आफ्नो अग्रता दोब्बर बनायो । नेपालका लागि साम्बाले गोल गरिन् । खेलको ३६औँ मिनेटमा कप्तान साम्बाले फ्रि-किकमा सिधै गोल गरिन् । तर रेफ्रीले गोल दिएनन् । त्यसपछि खेलको ४२औँ मिनेटमा साम्बाले व्यक्तिगत दोस्रो गोल गरिन् । खेलको पहिलो हाफको अतिरिक्त समयमा साम्बाले एक गोल थप्दै ह्याट्रिक पूरा गरिन् ।

खेलको ५३औँ मिनेटमा श्रीलङ्काकी सचिना डि सिल्भाले नेपालकी रश्मीकुमारी घिसिङलाई लडाएपछि रेफ्रीले नेपाललाई पेनाल्टीको अवसर दिएको थियो । जसमा गीताले पेनाल्टीमा गोल गरिन् । खेलको ६२औँ मिनेटमा निशाले हेड गोल गरिन् । खेलको ७८औँ मिनेटमा सब्स्टिच्युट खेलाडी पूजा रानाको क्रसमा अर्की सब्स्टिच्युट फर्वाड रेखाले गोल गरिन् । त्यसपछि खेलको ८९औँ मिनेटमा पूजाले एक गोल थपेसँगै नेपालले श्रीलङ्कामाथि ८-० गोलको जित हासिल गर्‍यो । अब नेपालले शनिबार समूह चरणको अन्तिममा घरेलु टोली उज्वेकिस्तानसँग खेल्नेछ। पराजित श्रीलङ्काको भने यो लगातार दोस्रो हार हो । पहिलो खेलमा श्रीलङ्का घरेलु टोली उज्वेकिस्तानसँग १०-० गोलअन्तरले पराजित भएको थियो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १४ मनकामना टोलमा ढलान बाटो निर्माण गर्नको लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः नमुना मार्ग लेन नं ९ बाटो ढलान
उपभोक्ता समितिको नामः नमुना मार्ग लेन नं ९ बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४
योजना सम्झौता मिति : २०८२/०३/१३ गते
योजना सुरु मिति : २०८२/०३/१४ गते
योजना सम्पन्न हुने मिति : २०८२/०३/१७ गते
योजनाको कुल लागत : रु ५,८८,२३५/२९
महानगरपालिका बाट : रु ५,००,०००/-
जनसहभागिता : रु ८८,२३५/२९
अध्यक्ष ऋखिराम थापा, उपाध्यक्ष मेघमाया गुरुङ, सचिव साबित्रा पौडेल, कोषाध्यक्ष निर्मला कार्की सदस्यहरुः रमा शर्मा, मनु थापा, डिल बहादुर गुरुङ,
अनुगमन समिति : संयोजक वडा सदस्य गोपाल प्रसाद सापकोटा, सदस्यहरु इन्द्र माया बानियाँ, राजेन्द्र थापा, निर्मल मानन्धर, प्रदीप गुरुङ

**नमुना मार्ग लेन नं ९ बाटो ढलान उपभोक्ता समिति पोखरा-१४**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ श्री महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समिति आर्वाको महाप्रभुधाम परिसरमा निर्माणाधिन महाप्रभुधाम संरक्षण एवम् योगी आश्रम भवन निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः महाप्रभुधाम संरक्षण एवम् योगी आश्रम भवन निर्माण पोखरा-१३ आर्वा
योजना सम्झौता मितिः २०८२/०२/१२ गते
योजना शुरु मितिः २०८२/०२/१३ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१९ गते
योजना सम्पन्न मितिः २०८२/०३/१९ गते
योजनाको कुल लागतः रु. ११,८०,०००|-
महानगरपालिकाबाटः रु. १०,००,०००|-
जनसहभागिताबाटः रु. १,८०,०००|-
उपभोक्ता समिति अध्यक्षः नवराज बराल
सम्पर्क नं.: ९८५६००७४६७
उपभोक्ता समिति सदस्यः ११ जना
महिलाः ४ पुरुषः ७ जना

**श्री महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समिति पोखरा-१३**

# महिला टी २० क्रिकेट : कास्की र नवलपुरको जित

**पोखरापत्र संवाददाता**
पोखरा, १८ असार

गण्डकी प्रदेशस्तरीय दोस्रो महिला टी२० क्रिकेट प्रतियोगितामा कास्की र नवलपुरले विजयी हासिल गरेका छन् ।

प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बुधबारदेखी सुरु भएको प्रतियोगितामा कास्कीले डिफेन्डीङ च्याम्पियन स्याङ्जा र नवलपुरले पर्वतलाई हराएको हो । पहिलो खेलमा कास्कीले स्याङ्जालाई ४ रनले हराएको छ । ९६ रनको विजयी लक्ष्य पाएको स्याङ्जालाई ९१ रनमा समेट्दै कास्कीले पहिलो जित हासिल गरेको हो ।

स्याङ्जाका लागि सिमाना केसी र कुशुम गोदारले बाहेक अन्य ब्याटरले दोहोरो अंक जोड्न सकेनन् । सिमानाले ४० बलको सामना गर्दै १ चौका र १ छक्काको मद्धतमा ३१ रन बनाउँदै आउट भइन् । कुशुमले २४ बलमा १ चौका प्रहार गर्दै १७ रन जोडिन् । रविना बुढामगर ४ र रन्जना साउद ३ रनमा नटआउट रहिन् ।

आरमिना अधिकारी ६, सलिना सेन शुन्य, अपेक्षा बुढाथोकी शुन्य, निरु जिटी शुन्य, ज्योत्सनिका मरासिनी १, सेरिना थापा ६, आकृति शुन्यमा आउट भइन् । कास्कीको लागि सुशिला डिम्टुक र चन्द्रमाया बरालले समान २/२ तथा रचना चौधरी, यशोदा भुजेल र रिया तामाङले १/१ विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कास्कीले २० ओभरमा ५ विकेट गुमाउँदै ९५ रनका बनायो । कास्कीको जितमा रेखा तामाङले ३३ रनको उत्कृष्ट पारी खेल्दै अविजित रहिन् । उनले ३७ बलमा ३ चौका प्राहर गरिन् । शिखा दवाडी १ रनमा नटआउट रहिन् । कास्कीकी सिर्जना पौडेलले ३५ रनको योगदान दिइन् । उनले ५७ बलमा १ चौका प्रहार गरिन् ।

यस्तै श्रद्धा गुरुङ, चन्द्रमाया बराल २, रचना चौधरी शुन्य, विन्दु ठकरी शुन्यमा आउट भइन् । स्याङ्जाका लागि सिमाना केसीले ४ ओभरमा १४ रन खर्चदै सर्वाधिक ३ विकेट लिइन् । निरु जिटीले १ विकेट लिइन् ।

दोस्रो खेलमा नवलपुरले पर्वतमाथि ४६ रनको जित हासिल गरेको छ । ७७ रनको विजयी लक्ष्य पाएको पर्वतलाई ९.५ ओभरमा ३० रनमै अलआउट गर्दै नवलपुरले जित हासिल गरेको हो । पर्वतका लागि कुनैपनि ब्याटरले दाहोरो अंक जोड्न सकेनन् । विपिशा विक १, गरिमा केसी शुनय, शुशिला भट्टराई ३, एन्जल अधिकारी १, योगिता केसी २, जिविका क्षेत्री ३, प्रतिभा खड्का ९, कृषा अखेली शुन्य, अनुशा पौडेल १ र रिजिता चापागाईं शुन्यमा आउट भइन् । नवलपुरका लागि आयुषा चापागाईंले ३.५ ओभरमा १ मेडनसहित १० रन खर्चेर सर्वाधिक ५ विकेट लिइन् । उनी खेलको वुमन अफ दी म्याच घोषित भइन् । यस्तै पुर्णिमा सुनारले २ तथा श्रेया शर्माले १ विकेट लिइन् ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको नवलपुर १५.४ ओभरमा ७६ रनमा अलआउट हुन पुग्यो । नवलपुरका लागि धनकुमारी क्षेत्रीले बाहेक अन्य ब्याटरले दोहोरो अंक जोड्न सकेनन् । उनले ४८ बलमा ३ चौका प्रहार गर्दै ३२ रनको योगदान दिइन् । मोनिका लामिछान ३, श्रेया शर्मा शुन्य, श्रेया गिरी १, आयुषा चापागाईं शुन्य, पुर्णिमा सुनार ४, यमुना पंगेनी शुन्य, वर्षा सुनार ३, निहारिका शर्मा शुन्य, लिजा गुरुङ, जिविका क्षेत्री १ रनमा आउट भइन् । पर्वतका लागि प्रतिभा खड्का र कृषा अखेलीले समान २/२ तथा अनुसा पौडेल, जविका क्षेत्री र सुशिलाा भट्टराईले १/१ विकेट लिइन् । तीन दिनसम्म चल्ने प्रतियोगितामा कुल चार जिल्लाको सहभागिता रहेको छ।

# मङ्गलाका किसानलाई एक सय ८२ थान मिनिटेलर, मिल र थ्रेसर वितरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ असार

म्याग्दीको मङ्गला गाउँपालिकाले किसानलाई अनुदानमा कृषि औँजार र बिरुवा वितरण गरेको छ।

गाउँपालिकाको कृषि शाखाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार एक सय बयासी मिनिटेलर, मिल र थ्रेसर मेसिन तथा ३२ हजार चार सय वटा सुन्तला, कागती र अलैँचीको बिरुवा वितरण गरेको हो । किसानलाई व्यावसायिक फलफूल खेतीप्रति आकर्षित गर्न र यान्त्रिकरणको माध्यमबाट खेती कार्यमा लागत घटाउन ५० प्रतिशत अनुदानमा औजार र बिरुवा वितरण गरिएको गाउँपालिकाको कृषि शाखाका प्राविधिक जगत बानियाले बताउनुभयो।

खेतबारी जोत्न प्रयोग हुने मिनिटेल हलो डिजेलबाट चल्ने ६६ वटा, प्रेट्रोलबाट चल्ने ५८ वटा, विद्युत्‌बाट चल्ने मिल ४८ वटा र थ्रेसर मेसिन १० वटा वितरण गरिएको उहाँले बताउनुभयो । थ्रेसर मेसिन बालीको बोटबाट दाना झार्न प्रयोग हुन्छ।

यसैगरी बीस हजार अलैँची, सुन्तलाका आठ हजार बिजु, चार सय कलमी र कागतीका चार हजार बिरुवा पनि वितरण गरिएको कृषि प्राविधिक बानियाले बताउनुभयो । गाउँपालिकाका उपाध्यक्ष प्रेमकुमारी क्षेत्री (पेमा)लगायत जनप्रतिनिधिको उपस्थितिमा बिरुवा र औजार वितरण गरिएको थियो।

सार्वजनिक सूचनामार्फत किसानबाट माग सङ्कलन गरी गाउँपालिकाको कार्यविधि अनुसार मापदण्डमा परेका किसान छनोट गरेर औँजार र बिरुवा वितरण गरेको कृषि प्राविधिक बानियाले बताउनुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ तुलसी प्रसाद बास्तोला, ज्ञान प्रसाद बास्तोल, गिरीधारी बास्तोला, ईन्द्र प्रसाद बास्तोलको घर तथा बस्ती संरक्षण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः तुलसी प्रसाद बास्तोला, ज्ञान प्रसाद बास्तोल, गिरीधारी बास्तोला, ईन्द्र प्रसाद बास्तोलको घर तथा बस्ती संरक्षण पोखरा-१९ तल्लोडाँडा
योजना सम्झौता मितिः २०८२/०२/१९ गते
योजना शुरु मितिः २०८२/०२/२० गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/२० गते
योजना सम्पन्न मितिः २०८२/०३/१७ गते
योजनाको कुल लागतः रु.६,६७,६७९.७०
महानगरपालिकाबाटः रु. ६,००,०००|-
जनसहभागिताबाटः रु. ६७,६७९.७०
उपभोक्ता समिति अध्यक्षः गिरीधारी बास्तोला
सम्पर्क नं.: ९८९६९१५८८
उपभोक्ता समिति सदस्यः ७ जना
महिलाः ४ पुरुषः ३ जना

**तुलसी प्रसाद बास्तोला, ज्ञान प्रसाद बास्तोल, गिरीधारी बास्तोला, ईन्द्र प्रसाद बास्तोलको घर तथा बस्ती संरक्षण उपभोक्ता समिति पोखरा-१९**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ विपि मार्गदेखि कैलाशटोल जाने बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः विपि मार्गदेखि कैलाश टोल जाने बाटो
ठेगानाः पोखरा-१४
योजना सम्झौता मितिः २०८१/११/२१ गते
योजना शुरु मितिः २०८१/११/२२ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागतः रु.५,८८,४६८.०३
महानगरपालिकाबाटः रु. ५,००,०००|-
जनसहभागिताबाटः रु. ८८,४६८.०३
उपभोक्ता समिति अध्यक्षः कृष्ण बहादुर गिरी
सम्पर्क नं.: ९८५६०२९८९५
निर्माण समिति सदस्य संख्याः ५
महिलाः १, पुरुषः ४

**वि.पि. मार्गदेखि कैलाश टोल जाने स्तरोन्नति उपभोक्ता समिति पोखरा-१४**

# बाँदरको समस्याको विकल्पमा कागुनोखेती

रासस
गण्डकी, १८ असार

पोखरामहानगरपालिका-२८ काफलघारीका कृषक बाँदरको बढ्दो समस्यालाई दृष्टिगत गर्दै कागुनोखेतीतर्फ आकर्षित बनेका छन् ।

बाँदरले बर्सैनि बालीनाली खाइदिने तथा नष्ट गरिदिने भएपछि २०७५ सालदेखि कागुनोखेती गर्न लागेका यहाँका स्थानीय अहिले भने सामूहिक रुपमा नै यस खेतीतर्फ आकर्षित बनेका हुन् । अन्य खेतीका तुलनामा कागुनोखेती बाँदरले कम खाने भएका कारण आफूहरू यसतर्फ लागेको काफलघारी सामुदायिक विकास संस्था आमा समूहका अध्यक्ष अम्बिका भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्ला वर्षमा काफलघारी क्षेत्रमा ६० रोपनीभन्दा बढी क्षेत्रफलमा कागुनोखेती हुने गरेको छ । परापूर्वकालदेखि विशेषतः नेपालको पहाडी क्षेत्रमा कागुनोको खेती गरिँदै आइएको छ। सिँचाइको सुविधा नभएको जग्गामा पनि उत्पादन हुने यो खेती कोदोबालीअन्तर्गत पर्दछ । बहुपोषणयुक्त खाद्यान्नका रुपमा रहेको यस अन्नमा प्रोटिन, आइरन तथा क्याल्सियमजस्ता तत्व पाइन्छन् । ठोस फाइबर हुने भएकाले यसका परिकार खाँदा पाचन क्रिया सहज हुन्छ ।



मधुमेहका रोगीहरूका लागि यो बढी स्वस्थकर मानिन्छ । सिँचाइ बिना पनि राम्रो उत्पादन हुने र बाँदरले कम खाने भएकाले पहाडी भूभागमा यसको खेतीको धेरै सम्भावना रहेको महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो ।

कागुनोखेतीतर्फ कृषकहरूको आकर्षणलाई दृष्टिगत गर्दै महानगरपालिकाले यसको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु १२० निर्धारण गरिएको उहाँले बताउनुभयो ।

# माछापुच्छ्रेमा खानेपानी टंकीको शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, १८ असार

कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नंम्बर २ स्थित माछापुच्छ्रे मा.बि. नाउँडाडामा खानेपानी टंकीको शिलान्यास गरिएको छ ।

लायन्स क्लब अफ पोखर्राको आयोजना, लियो क्लब अफ पोखरा अन्नपूर्णको संयोजन एवं जर्मनीको म्यूनिच इन्टरनेश्नल स्कुलको सहयोगमा निमार्ण हुन लागेको खानेपानी टंकीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष बिष्णु बहादुर केसीले बुधबार शिलान्यास गरेका हुन् ।

लियो क्लब अफ पोखरा अन्नपूर्णका अध्यक्ष कमल भण्डारीका अनुसार निमार्ण हुन लागेको टंकी १० हजार लिटर क्षमताको रहने र निमार्ण लागत दुई लाख ५० हजार देखी दुई लाख ८० हजार लाग्ने अनुमान गरिएको बताए । कुल लागत मध्ये दुई लाख लायन्स क्लब आफ अन्नपूणले र नपुग रकम माछापुच्छे मा.बि ले व्योहर्ने भण्डारीले जानकारी दिए ।

लायन्स क्लब अफ पोखरा अन्नपूर्णका पूर्व अध्यक्ष एवं टंकी निमार्ण कार्यक्रमका सहजकर्त्ता सोनाम साङपोका अनुसार २२ वर्ष अघि पोखराका विद्यालयका बिद्यार्थीहरुको दिशा परीक्षणका क्रममा ७० प्रतिशत बिद्यार्थीहरुमा पानीका कारण स्वास्थ्यमा विभिन्न समस्या देखिएको थियो । त्यसपछि विभिन्न दाताहरुको सहयोगमा पानी शुद्ध बनाउनका लागि पोखराका विभिन्न विद्यालयहरुमा गरि तीन सय थान यूरो गार्ड वितरण गरिएको जानकारी उनले जानकारी दिए । वितरण गरिएका ती यूरो गार्डहरुले सुरुमा रामै काम गरेपनि तूतकालीन अबस्थाको लोडसेडिङको समस्या र आवश्यक मर्मत संभारको अभावका कारण दुई तीन वर्षपछि काम नगरेपछि स्वच्छ पानीको निम्ती स्थाही समाधानका लागि सन २०१७ देखि खानेपानी टंकीको निमार्ण कार्य सुरु गरेको उनले जानकारी दिए। सन २०१७ देखि हालसम्म गरि ४९ बटा सम्पन्न गरेर बिद्यालयहरुलाई हस्तान्तरण गरिसकेको र निमार्ण हुन लागेको यो ५० औ खानेपानी टंकी रहेको उनले बताए । लायन्स क्लब अफ पोखरा अन्नपूर्ण लायन बर्ष २०२५/२०२६ का अध्यक्ष सुकल्याण पराजुलीका अनुसार सन २०२५/२०२६ मा क्लबले पोखराका विभिन्न बिद्यालयहरुमा गरि आठ बटा टंकी निमार्ण गर्ने बताए। निमार्ण गर्ने आठ मध्ये यो पहिलो रहेको र अन्य सात टंकीको निमार्ण कार्य क्रमश सुरु गदै जाने जानकारी दिए । निमार्ण हुने प्रति टंकी बराबर क्लबले दुई लाख सहयोग गर्ने र त्यभन्दा बढी लागेको रकम सम्बन्धीत बिद्यालयले व्योहर्ने पराजुलीले बताए । टंकी निमार्णको लागि जर्मनीको स्कुलबाट एक टिम लिडर, एक शिक्षक र १५ जना विद्यार्थीहरु गरि १७ जनाको टोली पोखरा आएको छ । टोलीले टंकी निमार्णको लागि तीन दिन माछापुच्छे मा.बि. नाउँडाडामा गएर काम गर्ने समेत पराजुलीले जानकारी दिए ।

# पर्यटकका पर्खाइमा म्याग्दीको टिकोट

रासस
म्याग्दी, १८ असार

पहाडको टुप्पोमा भिराखो पाखामा मौलिक ढुङ्गेघरहरू भएको झुरुप्प बस्ती । पृष्ठभूमिमा हिमाल र वरपर अग्ला डाडापाखा ।

गाउँको फेदी देखि शिरसम्म ढुङ्गा चिनेर बनाएको सफा सुग्घर पदमार्ग । मौरखी र मिजासीला गाउँलेको न्यानो आतिथ्यता ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ मा पर्ने हिस्तान टिकोट गाउँ प्रकृति र संस्कृतिको संगम हो । पुन थरका मगर समुदायको बाहूल्य बसोबास रहेको सुन्दर, शान्त र रमणीय टिकोट पर्यटकको पर्खाइमा छ ।



होमस्टे सञ्चालक समेत रहेका टिकोट माविका प्रअ ठगराज पुनले (प्रदिप) कोरोनाकालमा सुस्ताएको टिकोटको पर्यटन व्यवसाय अझै लयमा फर्कन नसकेको बताउनुभयो । "महाविर पुनको योजनामा सन् २०११ मा शुरु भएको अन्नपूर्ण-धौलागिरी पर्यावरणीय पदमार्गमा समेटिएको टिकोटमा कोरोना महामारी अघिसम्म पर्यटक आगमन राम्रै थियो," उहाँले भन्नुभयो "पछिल्लो पाँच वर्षयता फाट्टफुट्ट मात्र पर्यटक आउने गरेका छन् ।"

समुद्री सतहदेखि दुई हजार दुई सय ५० मिटर उचाइमा रहेको टिकोटको पृष्ठभूमिमा धौलागिरी, मानापाथी, निलगिरी, अन्नपूर्ण र बराह शिखर हिमालको दृष्य अवलोकन गर्न सकिन्छ । टिकोट देखि ३० मिनेट (हाइकिङ) उकालो पैदलयात्रा गरेपछि पुगिने पञ्चबल डाडादेखि हिमशृङखलाको अलावा सुर्योदय, म्याग्दीका ग्रामिण बस्ति र पहाडी भूगोल देखिन्छ ।

टिकोटका १० वटा घारमा होमस्टे (घरबास) सुविधा छ। यहाँको होमस्टेमा एक दिनमा ४० जना भन्दा बढी पाहुना बास बस्न सक्छन् । विदेशी पर्यटक आउँदा सामुदायिक लजमा खाना खुवाउने र आलोपालो गरेर व्यक्तिका घरमा सुताउन लैजाने नियम छ । होमस्टेका कोठाको झ्यालबाट हिमाल देखिन्छ । नेपाली पाहुनाहरू व्यक्तिगत सम्पर्क गरेर सिधै होमस्टेमा जान्छन् । लघुउद्यम विकास कार्यक्रमको सहयोगमा घरबास र सामुदायिक लज स्थापना भएको थियो । स्थानीय जंगलमा पाइने च्याउ, टुसा, ढकायो सागको गुन्द्रुक, लोकल कुखुराको मासु, फापर, कोदोको ढिडो, गाईभैसीको दूध, दही, विषादी र रासायनिक मलको प्रयोग बिना उत्पादन गरिएको प्राङ्गारिक तरकारीका परिकारको स्वाद चाख्न पाइन्छ । आमा र पुरख्यौली समूहले मौलिक गित तथा नृत्यले स्वागत गर्छन् । कृषि पेशामा आधारित टिकोटबासीको जिवनशैली पनि पर्यटकको थप आकर्षण हो । अन्नपूर्ण-धौलागिरी सामुदायिक पर्यावरणीय पदमार्गको बेनी- मल्लाज- बाँसखर्क- डाडाकटेरी- नागी- मोहरेडाडा- फुलबारी- ठूलाखर्क हुदै पाँचौ दिनमा पुगिने टिकोटबाट बेनी- जोमसोम सडकको तिप्ल्याङ र खिवाङ हुदै खोप्रातर्फ जान सकिन्छ। बेनी देखि तिप्ल्याङ, महभिर हुदै दुई घण्टा जिप अथवा मोटरसाइकलमा कच्चि सडकको यात्रा गरेर पनि टिकोट पुगिन्छ ।

अन्नपूर्ण गाउँपालिकाले टिकोटमा पर्यटक आकर्षित गर्न, भुलाउन र परम्परागत मौलिक सामग्रीहरूको संरक्षण गर्न संग्रहालय स्थापनाका लागि भवन बनाएको छ । पछिल्लो दुई आर्थिक वर्षमा बिनियोजन भएको रु २९ लाख बजेटबाट निर्माण भएको दुई तले भवनमा दैनिक जिवनयापनमा प्रयोग हुने परम्परागत मौलिक सामग्री संकलन गरेर राखिने अन्नपूर्ण गाउँपालिका-७ का वडा अध्यक्ष मइलन पुर्जा पुनले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.१२ र १३ अर्न्तगत रहेको श्री भद्रकाली मन्दिर धार्मिक क्षेत्रको तल वेशीको गुठी वारीमा रहेको पोखरीलाई कम्पाउण्डवाल लगाई रेलिङ राख्ने र पदमार्ग बनाउने सहित शान्तिवाटीका पार्क निर्माण कार्यमा निम्न अनुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भद्रकाली मन्दिर शान्तिवाटीका पार्क निर्माण
ठेगानाः पोखरा १२/१३, भद्रकाली मन्दिर तल गुठीवारी लामाखोर
आयोजनाको उद्देश्यः भद्रकाली मन्दिर शान्तिवाटीका पार्कलाई सौन्दर्यकरण गर्ने
योजना सम्झौता मितिः २०८२/०२/०७ गते
योजना सुरु मितिः २०८२/०२/०८ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागतः रु. ९९,९९,९९९/-
पोखरा महानगरपालिका कार्यालयबाटः रु. ८५,००,०००/-
उपभोक्ता समितिको तर्फबाट व्यहोरिएको रकमः रु. १४,९९,९९९/-
अध्यक्षः योगेन्दमान श्रेष्ठ सम्पर्क नम्वरः ९८५६०२४३१०
अन्त्यमा कालीमाताले हामी सवैको कल्याण गरुन्

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति**
**कुँडहर पोखरा-१२/१३ कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ मणिपालदेखि काहुँडाडा पदमार्ग स्तरउन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मणिपालदेखि काहुँडाडा पदमार्ग
ठेगानाः पोखरा-११, काँहु
योजना सम्झौता मितिः २०८१/१२/१० गते
योजना शुरु मितिः २०८२/०१/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१५ गते
नेपाल पर्यटन वोर्डबाटः रु.४०,००,०००|-
पोखरा महानगरपालिका म्याचिङ फन्डः रु.२,५०,०००|-
जनश्रमदान मार्फतः रु. ७,५०,०००|-
योजनाको कुल लागतः रु ५०,००,०००|-
उपभोक्ता समिति अध्यक्षः तिर्थ बहादुर बस्नेत
समिति सदस्यः १३ जना, महिला सदस्य : ५ जना
अनुगमन संयोजकः वडा अध्यक्ष प्रेम प्रसाद कर्माचार्य

**फुलवारी मणिपालदेखि काहुँधरहरा पदमार्ग निर्माण समिति पोखरा-११, काहुँ**

## खाद्यान्न खरिदको लागि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०३/१९, पोखरापत्र राष्ट्रिय दैनिक**

श्री सहिद स्मृति आवासीय मा.वि. पोखरा-१४, मझेरीपाटन कास्कीमा अध्यनरत २०० जना आवासीय विद्यार्थिहरुका लागि आ.व. २०८२/०८३ मा आवश्यक खाद्यान्न (बोलपत्र फारममा उल्लेखित खाद्य सामाग्रीहरु) खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी, एजेन्ट, सप्लायर्स र अधिकृत विक्रेताहरुबाट तपशिलका शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको १२.०० बजे भित्र श्री सहिद स्मृति आवासीय मा.वि. पोखरा-१४, कास्कीमा आइपुग्ने गरी पेश गर्न यो बोलपत्र आह्वान गरिएको छ।

| क्र.सं. | प्याकेज नम्बर | आवश्यक सामाग्री आइटमको विवरण | अनुमानित रकम | बोलपत्र जमानत | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. १ | खाद्यान्न, सरसफाई र दाउरा | ६४,६९,७४९ | ९७,०४६.२४ | |
| २ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. २ | हरियो तरकारी, आलु, प्याज र फलफूल | २१,६९,४७५ | ३२,५४२.१३ | |
| ३ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. ३ | मासु र अण्डा | ९,८६,५५० | १४,७९८.२५ | |

**तपशिल**

१) यो बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म सामान आपूर्ति सम्बन्धी बोलपत्र फारम वापत रु.३,०००| (फिर्ता नहुने गरी) यस विद्यालयको अमरसिंह शाखामा रहेको रा.वा. बैंकको चल्ती खाता नम्बर ३४८०१०००१०७१३०१ मा बुझाएको सक्कल भौचर, बोलपत्र खरिद गर्नका लागि निवेदन र फर्म वा कम्पनीको इजाजत पत्र,स्थायी लेखा नम्बर,२० लाख भन्दा बढीको कारोबारमा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व ०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई साथमा लिई आउनुपर्नेछ।
२) बोलपत्र खरिद गर्न बोलपत्रदाता स्वयम् उपस्थित हुन नसकेमा मञ्जुरी नामाबाट पनि खरिद गर्न सकिने छ। तर त्यस्तो मञ्जुरीनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हने छ।
३) खरिद गरिएको बोलपत्रका महलहरु भरी प्रत्येक पानामा सहिछाप गरी ३० औं दिनको १२.०० बजे भित्र वा सो दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिनको १२ बजे भित्र यस विद्यालयको प्रशासन शाखामा आई बोलपत्र दर्ता गराउन सकिने छ। यसरी दर्ता हुन आएको बोलपत्रहरु सोही दिन, दिनको २.०० बजे विद्यालयमा बोलपत्रदाता वा निजका प्रतितिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधिहरु उक्त दिन र समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
४) बोलपत्र पेश गर्दा बोलपत्र जमानत बापतको रकम माथि तपशिल तालिकामा देहायबमोजिम श्री सहिद स्मृति आवासीय माध्यमीक विद्यालयको राष्ट्रिय वाणिज्य बैक अमरसिंहचोक शाखामा प्रकरण १ मा उल्लेख भएको खाता नम्बरमा जम्मा गरी सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ, अथवा उत्त रकम स्वीकृत प्राप्त राष्ट्रिय वाणिज्य बैकबाट कम्तीमा १२० दिन म्याद भएको शर्त रहित बैंक जमानी पत्र (बिड बण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।
५) दर्ता गर्न ल्याउदा बोलपत्रको खामको शिरमा "बोलपत्र पेश गर्न चाहेको सामानको नामको बोलपत्र" भनी लेखी बोलपत्रदाताको नाम, ठेगाना र फोन नम्बर समेत प्रस्ट संग लेखी लाहा छाप लगाई विद्यालयमा बझाउनुपर्ने छ।
६) बोलपत्रदाताले आफुले कबुल गरेका दररेट अंक र अक्षरमा केरमेर नगरी प्रस्टसंग लेखेको हुनुपर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छैन।
७) नेपाल सरकारलाई तिर्नुपर्ने सबै प्रकारका कर बोलपत्रदाता स्वंयले तिर्नुपर्ने छ। बोलपत्र सम्बन्धि अन्य सर्त तथा विवरणहरु बोलपत्र फारममा उल्लेख भएबमोजिम हुनेछ।
८) आपूर्ति गर्ने सामान गुणस्तर युक्त भए नभएको सम्बन्धमा आवश्यक जांचबुझ गराइनेछ। बोलपत्र फारममा उल्लेखित सबै सामाग्रीको दररेट भरि पेश गर्नुपर्नेछ।
९) बोलपत्र पेश कुनै एक सामानको वा आफुले चाहेको एक भन्दा बढी सामानको पनि पेश गर्न सकिनेछ।
१०) बोलपत्र पेश गर्ने कम्पनी, फर्म वा एजेण्टले आफुले आपुर्ति गर्नुपर्ने सामान श्री सहिद स्मृति आवासीय माध्यामिक विद्यालय पोखरा १४ मझेरीपाटन कास्कीमा नै आपूर्ति गर्नुपर्नेछ।
११) बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याट समावेश भए नभएको स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ।
१२) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ। रीत नपुगेको, म्याद नाघी आएको र शर्तराखिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१३) बोलपत्रमा उल्लेखित ब्रान्ड अनुसारको सामाननै आपूर्तिकर्ताले आपूर्ति गर्नुपर्ने छ।सो देखी बाहेक अन्य सामान आपूर्ति गरेमा त्यसको भुत्तानी गर्न विद्यालय बाध्य हुने छैन।
१४) बोलपत्र फाराममा उल्लेखीत परिमाणमा २० प्रतिशत थपघट हुन सक्नेछ।
१५) बोलपत्र पेश गर्दा बोलपत्रदाताले कालो सूचीमा नपरेको स्यंम घोषणा समेत पेश गर्नुपर्नेछ।
१६) यस सूचनामा उल्लेख हुन बाकीको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**विस्तृत जानकारीका लागि सम्पर्कः**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं.: ९८५६०७५३९९, ९८६६०१०४३६**